*Unity Journal*
Vol.IV, 372-384, Feb 2023
Doi:https://doi.org/10.3126/unityj.v4i01.52262
Prithivi Narayan Shah Research Center
Directorate General of Military Training, Nepali Army
Kathmandu, Nepal.

# प्रकृति संरक्षणमा नेपाली सेनाको योगदान

**पशुपति अधिकारी***

## लेखसार

बि.स. २०३२ देखि प्रकृतिसंरक्षणमा संलग्न नेपाली सेनाको प्रकृतिसंरक्षण सम्बन्धी कमाण्ड संरचनाभित्र १५ युनिटमा ८,११७ आधारभूत फौज कार्यरत छन्। सेनाको संलग्नतापछि गैंडा, बाघ, हात्ती, घडियाल गोही जस्ता दुर्लभ वन्यजन्तु चोरी शिकार र वासस्थान विनाशका कारण नेपालबाट लोप हुनबाट जोगिएका छन्। प्रकृतिसंरक्षणमा नेपाली सेनाको योगदानलाई अझै कसरी परिष्कृत गर्न सकिन्छ भन्ने विषयमा अनुसन्धान गर्न यो अध्ययन गरिएको हो। त्यसका लागि प्राथमिक र द्वितीय स्रोतबाट संकलित तथ्याङ्कलाई विश्लेषण गरी प्रतिवेदन तयार पारिएको छ। यस अध्ययनमा प्रकृतिसंरक्षणको इतिहास, नेपाली सेनाले प्रकृति संरक्षणको क्षेत्रमा हालसम्म सम्पादन गरेका कामहरुको समीक्षा, सेना र नागरिक विचको सम्बन्ध, सेनाको सबलीकरण, मानव अधिकार उल्लङ्घनका सवालका साथै प्रकृति संरक्षणमा सेनाको संलग्नतापछि देखिएका व्यवस्थापकीय सबल र कमजोर पक्षहरु समेटिएका छन्। जैविक विविधता र भू-दृश्यको संरक्षण, चोरी शिकार नियन्त्रण, संयुक्त व्यवस्थापनको मोडल र पर्यटन प्रबर्द्धनमा सहयोग सबल पक्ष रहेका छन् भने प्रकृति संरक्षणको काम सैनिक संगठनभित्र आन्तरिकीकरण हुन नसक्दा तदर्थ रुपमा चल्दै आउनु, संरक्षण शिक्षा र समन्वयमा कमी कमजोर पक्ष रहेका छन्। सेनाको कुशल कार्यक्षमताले गर्दा गैंडा, बाघ लगायतका वन्यजन्तु नेपालबाट लोप हुनबाट जोगिएका छन्। तर यिनको संरक्षणमा प्राकृतिक र मानवजन्य चुनौतिहरु बढ्दै गएका हुँदा दीर्घकालसम्म आजकै स्थितिमा जोगाई राख्न मुस्किल छ। वन्यजन्तु संरक्षण अत्यन्तै सम्वेदनशील काम भएकाले सेनाले आफ्नो कार्य क्षमता गुमाउँदै गएको खण्डमा अहिलेसम्म हासिल गरेका उपलब्धि पनि गुम्ने छन्। त्यसैले योजनाबद्ध रुपमा सैनिक सबलीकरणका कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ।

**शब्दकुञ्जी** : नेपाली सेना, आधारभूत फौज, प्रकृति संरक्षण, कमाण्ड संरचना, कार्य क्षमता, सबलीकरण।

## पृष्ठभूमि

नेपालमा सैनिक संगठनको सुरुवात वि.सं.१८०१ मा गोरखाका राजा पृथ्वी नारायण शाहले गरेका थिए। यस संगठनलाई सुदृढ गर्न वि.सं. १८१९ मा पाँचवटा कम्पनीमा विस्तार गरियो। फलस्वरुप नेपाल वि.सं.१८२४ मा सिन्धुलीको युद्धमा र वि.सं. १८२५ मा काठमाण्डौ उपत्यकामाथि विजय हासिल गर्न सफल भयो। नेपाली सेना

* Conservation Officer, Manaslu Conservation Area, Liaison office, Gorkha, Annapurna
Email ID : padhikari2026@gmail.com

बि.सं. २०३२ देखि प्रकृति संरक्षणको काममा समेत संलग्न छ । अहिले देशका १४ वटा निकुञ्ज, आरक्षका २०० भन्दा बढी फिल्ड पोष्टहरुमा नेपाली सेना कार्यरत छन् (रा.नि.विभाग वार्षिक प्रतिवेदन २०७७/७८) । नेपाल सरकारले प्रकृति संरक्षणको काममा नेपाली सेनाको भूमिका बढाउँदै लगेको छ । राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समितिमा प्रधान सेनापति सदस्य रहने व्यवस्था छ भने केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण एकाइमा नेपाली सेनाका सहायक रथी सदस्य हुने व्यवस्था छ । त्यसरी नै जिल्लास्तरीय वन्यजन्तु अपराध नियन्त्रण एकाइमा नेपाली सेनाका प्रतिनिधि रहने गर्दछन् । आखेटोपहार नष्ट गर्न गठन गरिने राय समिति र नष्ट गर्ने कार्यमा नेपाली सेनाको प्रतिनिधित्व गराइएको छ। नेपाली सेनाले सफा हिमाल अभियान अन्तर्गत सगरमाथा र अन्य हिमालमा पर्वतारोहीले फालेको फोहोर संकलन गर्ने गरेको छ (सिपाही पाक्षिक विशेषाङ्क, २०७८) । त्यस्तै चुरे क्षेत्रमा बृहत् बृक्षरोपण, नदी सफाइ कार्यक्रम र डँढेलो नियन्त्रणमा समेत सेना सहभागी हुँदै आएको छ । सेनाले मध्यवर्ती क्षेत्रका बासिन्दालाई प्रकृतिसंरक्षण सम्बन्धी जनचेतना अभिवृद्धि गर्न सडक नाटक, गोष्ठी, भेला, अन्तरक्रियाका कार्यक्रमहरु सञ्चालन गर्ने गर्दछ । देशका विभिन्न ठाउँमा रहेका पुराना चौतारा, पोखरीको मर्मतसुधार गर्ने र चौतारामा वर, पिपल, समीका रुख रोप्ने, हुर्काउने काममा समेत सेनाले सहयोग पुरचाउँदै आएको छ ।

प्रकृति संरक्षणको इतिहास अध्ययन गर्दा भारतवर्षमा दुई हजार वर्ष पहिल्यै नै त्यसबेलाका दूरदर्शी राजारजौटाहरुले आमोदप्रमोद र शिकार खेल्नका लागि विशेष महत्त्व भएका वनहरुलाई जोगाएर राखेको देखिन्छ । हिन्दु धर्मगन्थ्रहरु वेद, पुराण, रामायण, महाभारत आदिमा वनबाटिकालाई देवभूमि र तीर्थस्थलको रुपमा लिएको पाइन्छ । राजा जनकको पुष्पवाटिका, रावणको अशोकबाटिका, कुवेरको अलकापुरी, वालीको नन्दनवन, सुग्रीवको मधुवन, राधाकृष्णको बृन्दावन, शिवपार्बतीको श्लेषमान्तकवन पौराणिककालदेखि आजसम्म हाम्रा सामु छन् (श्रेष्ठ, डा. तीर्थ बहादुर, २०५७) ।

मल्लकालमा नेपालबाट मह, कस्तुरी र जडिबुटीको निकासी गरिन्थ्यो । पृथ्वी नारायण शाहको दिव्योपदेशमा आफ्ना देशका सामान, जडिबुटी विदेश लगेर नगद ल्याउनु “आफ्ना देसको जिनिस्, जरिवुटि देस लैजानु र नगद षैचनु” भन्ने रहेको छ। राणा प्रधानमन्त्री जङ्ग वहादुर राणाले बि.सं. १९०३ मा राणा, राजपरिवार र उनका विदेशी पाहुना बाहेक अरुले गैंडाको शिकार खेल्न नपाउने कानुनी व्यवस्था गरेका हुनाले राणा शासनको अन्त्य हुँदासम्म चितवनको जङ्गलमा ८०० भन्दा बढी गैंडा थिए (चि.रा.नि.ब्यबस्थापन योजना, २०१९) । राप्ती दुन विकास परियोजनाले वि.सं.२०११ देखि औलो उन्मूलन कार्यक्रम सञ्चालन गर्नाले विषादी र बसाइसराइका कारण चितवनको जङ्गलबाट वन्यजन्तुहरु लोप हुँदै गए। यसबाट वन्यजन्तु संरक्षण गर्न कानुनको अभाव रहेको महसुस भएकाले जङ्गली जीवजन्तु संरक्षण ऐन, २०१५ लागु गरी वि.सं. २०१६ मा टिकौलीको १७५ वर्ग किलोमिटर वनलाई महेन्द्र मृगकुञ्ज घोषणा गरियो । साथै वि.सं. २०१९ देखि चितवनको टिकौलीमा वाइल्डलाइफ म्यानेजमेन्ट अफिस स्थापना गरी गस्ती प्रयोजनका लागि चितवन, नवलपुरका गैंडाका प्रमुख वासस्थानमा पोष्टहरु खडा गरियो । यसबाट पनि गैंडा घट्ने क्रम रोकिएन र तिनको संख्या एक सय भन्दा तल पुग्यो । त्यसपछि वि.सं. २०२१ मा रापती नदी दक्षिणमा बसोबास गरेका २२,००० जनतालाई माडी र वर्दियामा स्थानान्तरण गरियो (चि.रा.नि.ब्यबस्थापन योजना २०१९) । बि.सं. २०२६ मा तराइमा ६ वटा र पहाडमा १ वटा शाही शिकार आरक्ष स्थापना गरिए तर पर्याप्त कानुनी व्यवस्था र पेशागत जनशक्तिको अभावमा चोरी शिकार र चरिचरन नियन्त्रण हुन सकेन (उप्रेती, विश्वनाथ, २०१७) । यस्ता प्रयासहरुबाट प्राप्त अनुभवका आधारमा वि.सं. २०२९ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन लागु गरी बि.सं. २०३० मा चितवन राष्ट्रिय निकुञ्ज स्थापना गरियो ।

## हालसम्म गरेका कामको समीक्षा

वि.सं. २०१९ देखि गैंडा गस्तीको व्यवस्था गरेपनि कमाण्ड संरचना राम्रो नहुँदा गैंडा गस्ती टोलीकै बन्दुक प्रयोग गरी चोरी शिकारीले गैंडा मार्ने गरेका प्रमाणहरु फेला परेका थिए। त्यसपछि गैंडा गस्ती टोलीलाई प्रतिस्थापन गरी नेपाली सेनालाई खटाइयो। सेनाको उपस्थितिपछि विगतका कमजोरी दोहोरिन पाएनन् र नेपालले वन्यजन्तु संरक्षणमा प्राप्त गरेको उपलब्धि विश्व समुदाय समक्ष प्रशंसनीय बन्न पुग्यो। फलस्वरुप सन् १९७९ मा सगरमाथा राष्ट्रिय निकुञ्ज र सन् १९८४ मा चितवन राष्ट्रिय निकुञ्ज विश्व प्राकृतिक सम्पदा सूचिमा सूचिकृत भए। प्रकृति संरक्षणमा अनवरत रुपमा सेनाको सहयोग प्राप्त भएकाले नेपालले युनेस्कोले तोकेका मापदण्डहरु पूरा गर्दै आएको छ। विश्वभरका संरक्षित क्षेत्र व्यवस्थापनमा एकरुपता ल्याउन तयार पारिएको व्यवस्थापन प्रभावकारिता मूल्याङ्कन (एमइइ) प्रतिवेदनले विश्वका संरक्षित क्षेत्रहरुको औसत स्कोर ५६ प्रतिशत रहेको उल्लेख गरेको छ (भारतीय वन्यजीव संस्थान, २०१८/१९)। नेपालका चितवन र बाँके राष्ट्रिय निकुञ्जको स्कोर विश्वको औसत स्कोर भन्दा बढी रहेको मूल्याङ्कन प्रतिवेदनले देखाएको छ। विश्वका बाघ पाइने देशहरुले सन् २०२२ सम्ममा बाघको संख्या दोब्बर पार्ने लक्ष्य तय गरेकामा नेपालमा उक्त लक्ष्यभन्दा बढी संख्यामा बाघ बृद्धि भएका छन (बाघ गणना प्रतिवेदन, २०२२)। द्वन्द्वकाल (सन् २०००-२००५) को समयावधिमा नेपालमा रहेका ६१२ गैंडाको संख्या १५८ अर्थात् २६ प्रतिशतले घटेकोमा सन् २०२१ को गणनामा तिनको संख्या बढेर ७५२ पुगेको छ (गैंडा गणना प्रतिवेदन, २०२१)।

संयुक्त राष्ट्रसंघ अन्तर्गतको जलवायु परिवर्तन, जैविक विविधता र वातावरणीय सेवा सम्बन्धी अन्तरसरकारी प्रतिवेदनले पृथ्वीमा जलवायुको निरन्तरता, जैविक विविधताको संरक्षण र मानव जातिको स्तरीय जीवनयापनका लागि पृथ्वीको जमिन र समुद्रको तीसदेखि पचास प्रतिशत क्षेत्रफल संरक्षित क्षेत्रको रुपमा व्यवस्थापन गर्नुपर्ने उल्लेख गरेको छ (पण्डित, डा. राम र अन्य, २०२१)। नेपालले वैज्ञानिक समुदायले तोकेकै हाराहारीको भू-भागलाई संरक्षित क्षेत्रको रुपमा ब्यबस्थापन गरेको छ (राष्ट्रिय निकुञ्ज विभाग, २०७८)। बढी महत्त्व बोकेका इकोसिष्टमको दीर्घकालीन संरक्षणका लागि संरक्षित क्षेत्रभित्र जोगाएर राख्ने विश्वव्यापी प्रचलन अनुरुप नेपालले समेत यहाँ रहेका ११८ इकोसिष्टममध्ये हालसम्म ८० वटा इकोसिष्टमलाई संरक्षित क्षेत्रभित्र समेटेको छ (वार्षिक प्रतिवेदन, २०७६/७७)।

प्रकृतिसंरक्षण कठिन कार्य हो। प्रकृति संरक्षणको काममा खटिएका नेपाली सेनाका धेरै जवानले कामको सिलसिलामा साहदत प्राप्त गरेका छन। विगत दुई वर्षमा चितवन राष्ट्रिय निकुञ्जमा हात्ती र गैडाको आक्रमणमा परेर दुई जना सैनिकको मृत्यु भएको छ भने एक जना सैनिक बाघको आक्रमणमा परी घाइते भएका छन (कसरा ब्यारेक, २०७९)।

## कृति समीक्षा

सैनिक ऐन, २०६३ ले प्रकृति संरक्षणको कामलाई सैनिक प्राविधिक सेवा जस्तो विशिष्टीकृत सेवाको रुपमा विकास गर्न खोजेको देखिंदैन। त्यसैले सैनिक सेवा नियमाबली, २०६९ ले प्रकृति संरक्षणको कामलाई छुट्टै सेवाको रुपमा बर्गीकृत गरेको छैन। बिगतदेखि नै सैनिक साधारण सेवा अर्न्तगतका सेनाहरु नै प्रकृति संरक्षणको काममा खटिंदै आएका छन्। नियमावलीले प्रकृति संरक्षणमा खटिने सेना र ब्यारेकभित्र बस्ने सेना बिच वृत्ति विकासका अवसर र कार्यसम्पादन मूल्याङ्कनमा समान व्यवहार गरेको छ। जसले गर्दा सेनाको संगठन संरचनाभित्र प्रकृति संरक्षणको कामले प्राथमिकता नपाएको देखिन्छ। यस्तो परिपाटीले सेनामा प्रकृति संरक्षणको कामप्रति चासो घट्दै गएको छ।

सेनाका जवानले बुझ्ने गरी सरल नेपाली भाषामा लेखिएका पुस्तकहरु र तालिम सामाग्रीको अभाव छ। प्रकृति संरक्षणमा खटिने सेनालाई वन्यजन्तु, वनस्पतिबारे जानकारी दिने सामान्य तालिमले उनीहरुको सोच परिवर्तन हुन सकेको छैन । धेरैजसो सेनाले आफ्नो पहिलो काम निकुञ्ज भित्र चरिचरन र घाँस दाउरा संकलन गर्ने कामलाई रोक्ने हो भन्ने मात्रै रहेको छ। निकुञ्ज संरक्षणमा अहिले चुनौतिको रुपमा रहेका सिमसार र नदीजन्य पदार्थको अनियन्त्रित दोहन, अतिक्रमण, फोहोर र भुस्याहा कुकुरको आक्रमणमा परेर मृग मर्ने जस्ता समस्या बारे उनीहरुलाई कमै मात्रै जानकारी छ । निकुञ्जभित्र माछा मार्न, घोघिं र निउरो टिप्न दैनिक पस्ने सयौं मानिसहरुलाई समन्वय र सहकार्यको अभावमा नियन्त्रण गर्न सकिएको छैन । यो समस्या बढ्दै गएकाले बाघ, हात्ती जस्ता वन्यजन्तुको आक्रमणमा परी मानिस मर्ने, घाइते हुने घटनामा बृद्धि भएका छन् । सेनाको प्रयोजनका लागि निर्माण गरिएका अधिकांश भवनहरु जीर्ण वनेका छन् । सवारी साधन र डुङ्गाको अभावले गर्दा फिल्डका पोष्टबाट सहज रुपमा हिंडडुल गर्न सक्ने स्थिति छैन । पोष्टमा कार्यरत सेनालाई कतिखेर वन्यजन्तुको आक्रमणमा परिने हो भन्ने डरत्रास भैरहन्छ । सेनाको गुप्तचर संयन्त्रलाई सही रुपमा परिचालन गर्न नसक्नाले उनीहरुलाई निकुञ्जभित्र हुने अवैध गतिविधिबारे थोरै मात्रै जानकारी हुने गरेको छ। सेनाका गुप्तचरले दिएको सूचना भरपर्दो नभएको निकुञ्जका कर्मचारीले वताएका छन् ।

प्रकृति संरक्षणको काममा खटिंदा सेनालाई मानव अधिकार उल्लङ्घनको आरोप समेत लाग्ने गरेको छ। २०७७ साल साउन ३ गते माडी नगरपालिकाको कुसुमखोलामा वन अतिक्रमण गरी बनाएका चेपाङ्ग समुदायका टहरामा आगजनी गरेको विषयलाई संरक्षणका नाममा मानव अधिकार उल्लङ्घन गरेको भनी सेनालाई दोषारोपण गरिएको छ (एम्नेष्टी इन्टरनेशनल, २०२१) । वर्दिया राष्ट्रिय निकुञ्जको मगराडी र गेरुवामा सेनाले थारु समुदायलाई माछा मार्न नदिएर आदिबासी समुदायलाई पुस्तौनी अधिकारबाट वञ्चित गराएको (राई, अनु, २०२२) आरोप लगाइएको छ । पूर्वी चितवनका राजकुमार प्रजा चितवन राष्ट्रिय निकुञ्जभित्र अनधिकृत रुपमा प्रवेश गरेकाले कुटपिटका कारण २०७७ साल साउन ७ गते मृत्यु भएको विषयमा चितवन जिल्ला अदालतको २०७८ साल बैशाख २९ गतेको फैसलाले त्यस घटनामा संलग्न सैनिकलाई दोषी ठहर गरेको छ (तिवारी, सरिता, २०७९) ।

सैनिक ऐन, २०६३ ले हत्या, वलात्कार, यातना र वेपत्ता बाहेकका मुद्धाहरु सैनिक अदालतको क्षेत्राधिकार भित्र राखेको छ । वन, वन्यजन्तु अपराधमा संलग्न सैनिकलाई के कस्तो दण्ड सजाय गर्ने भन्ने सैनिक ऐनले किटानी नगरेका कारण वन, वन्यजन्तु अपराधमा संलग्न कसुरदार सैनिक सजिलै उम्कन सक्ने स्थिति बनेको छ । यस्तो प्रावधानले सेनाको समग्र कार्यसम्पादनलाई प्रभाव पार्ने देखिन्छ । हिमाली भेगका निकुञ्जमा स्थानीय संस्कृति सम्पन्न रैथाने गाउँबस्तीहरु रहेको हुनाले सैनिकको औचित्य त्यति देखिँदैन (श्रेष्ठ, डा. तीर्थ बहादुर, २०५६) । सामुदायिक वनको सफलताले यस तथ्यलाई केही हदसम्म पुष्टि गर्दछ । तर सेनाका जनशक्तिको खटनपटन सुरक्षा चुनौतिको बिश्लेषणको आधारमा भएको पाइँदैन । तराईका अति संवेदनशील ठाउँमा र हिमाल, पहाडका कम संवेदनशील ठाउँमा सेना खटाउँदा कुनै मापदण्ड तय गरेको पाइँदैन ।

समग्रमा, नेपाली सेना वर्षौदेखि तदर्थशैलीमा प्रकृति संरक्षणको काममा खटिंदै आएको छ । प्रकृति संरक्षणको कामलाई सैनिक संगठनभित्रको कुनै नियम, कानुनले निर्देशित गरेको पाइँदैन । सेनालाई कानुनी रुपमा कुनै जिम्मेवारी नतोकेको हुँदा उनीहरुलाई संरक्षणप्रति उत्तरदायी बनाउन सकिएको छैन । अधिकांश सैनिकमा दुई वर्ष क्याम्पबाहिर बसेर आउने त हो नि भन्ने मनोदशा प्रबल रहेको पाइन्छ । प्रकृतिसंरक्षणको काममा सेना आफ्नो संस्थागत क्षमताको तुलनामा कमै मात्र परिचालित भएको छ । सैनिकको सवलीकरण गर्ने तर्फका प्रयासहरु अपर्याप्त देखिन्छन् ।


## अनुसन्धान विधि र वैचारिक मार्गचित्र

नेपाल सरकारले निकुञ्ज सुरक्षाको जिम्मेवारी नेपाली सेनालाई र व्यवस्थापनको जिम्मेवारी वन सेवा अन्तर्गतका निजामती कर्मचारीलाई दिएको छ । यसरी एउटै कामका लागि दुई भिन्न पृष्ठभूमिका जनशक्ति एकैथलोमा कार्यरत रहेकाले कामको विषयलाई लिएर एकअर्कालाई दोषारोपण गरेको पाइन्छ । वन सेवा अन्तर्गतका कर्मचारीले "सेनाले मन लगाएर काम गर्दैनन्, झारा टार्ने गरी गस्ती गर्दछन्, निष्क्रिय छन्" भनी दोष लगाउने गरेका छन् । यस्ता सवालहरुमा अध्ययन गरी सत्यतथ्य पत्ता लगाई देखिएका सवल र कमजोर पक्ष उजागर गरेमा सैनिक संगठनका लागि हितकर हुन्छ । यो अध्ययन सेनाका सबल र कमजोर पक्ष के के छन् ? सेनाको क्षमतालाई कसरी अधिकतम उपयोग गर्ने ? सेनाको कामलाई अझै कसरी नतिजामुखी बनाउने ? सेनाको मनोबल कसरी उच्च राख्ने ? भन्ने विषयमा केन्द्रित रहेको छ । साथै नेपाली सेना सम्बन्धी कानुनी व्यवस्था, जनशक्ति, कमाण्ड संरचना, सेनाले गर्दै आएका प्रकृति संरक्षण सम्बन्धी कामहरुको समीक्षा, सेनाको सबलीकरणका लागि भएका प्रयास र गर्नुपर्ने कामहरु बारे पनि तथ्याङ्क संकलन गरिएको छ । सेनालाई मानव अधिकार उल्लङ्घनको आक्षेप लाग्ने गरेको हुँदा त्यससँग सम्बन्धित घटनाहरुका बारेमा पनि सत्यतथ्य जानकारी लिइएको छ ।

फिल्ड भ्रमण र छलफलको माध्यमबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । छलफलका लागि सेनाका पदाधिकारी, निकुञ्ज कर्मचारी र मध्यवर्ती क्षेत्रका सरोकारवाला पदाधिकारीहरुसँग भेट गरिएको छ । चेकलिष्ट बमोजिम छलफलका विषयवस्तुहरु तय गरी व्यक्तिगत वा समूहगत रुपमा छलफल गरिएको छ । प्रत्यक्ष भेट हुन नसकेका व्यक्तिसँग फोन मार्फत् तथ्याङ्क संकलन गरिएको छ । म विगत २३ वर्षदेखि रेञ्जर र संरक्षण अधिकृतको रुपमा विभिन्न निकुञ्ज, आरक्षमा कार्यरत रहेको हुँदा मेरो कार्य अनुभवलाई समेत अध्ययनमा समेटिएको छ ।

अध्ययनका लागि आबश्यक परेका द्वितीय स्रोतका तथ्याङ्कहरु नेपाली सेना, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र निकुञ्ज/आरक्ष, संरक्षण क्षेत्र कार्यालयका वार्षिक प्रतिवेदनहरु, वन, वन्यजन्तु सम्बन्धी अध्ययन प्रतिवेदनहरु, अनुसन्धानमूलक लेखहरु, पुस्तक र पत्रपत्रिकामा प्रकाशित लेखहरु अध्ययन गरी संकलन गरिएको छ । सैनिक ऐन, २०६३ र सैनिक सेवा नियमाबली, २०६९ को अध्ययन गरी प्रकृति संरक्षणको कामलाई प्रभाव पार्ने बुँदाहरु टिपोट गरिएको छ । कतिपय जानकारी र तथ्याङ्कहरु इन्टरनेटबाट लिइएको छ । अध्ययनबाट प्राप्त तथ्यहरुलाई विश्लेषण गरी प्रतिवेदन तयार पारिएको छ । प्रतिवेदनमा प्रकृति संरक्षणका काममा नेपाली सेनाको क्षमताको कसरी अधिकतम उपयोग गर्न सकिन्छ भन्ने विषयमा सुझावसमेत प्रस्तुत गरिएको छ ।

### अध्ययनको वैचारिक मार्गचित्र



**प्रकृति संरक्षणमा नेपाली सेनाको विद्यमान अवस्था**

**क) कानुनी व्यवस्था, जनशक्ति र कमाण्ड संरचना**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको सुरक्षाका लागि नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउने छ भन्ने कानुनी प्रावधान रहेको छ। यही प्रावधानका अधीनमा रही नेपाली सेना निकुञ्ज, आरक्षको सुरक्षामा खटिएका छन। यसरी खटिनेमा सेनाका आधारभूत फौज र इन्ट (गुप्तचर) रहेका छन्। नेपाली सेनाको कमाण्ड संरचनामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय रहेको छ। यस अन्तर्गत ८ गण र ७ गुल्म गरी १५ युनिट छन् र त्यसमा ८,११७ आधारभूत फौजको दरवन्दी कायम रहेको छ। यो संख्या नेपाली सेनाको कुल दरबन्दी ९६,००० को ८.४५ प्रतिशत हुन आउँछ (सिपाही बिशेषाङ्क, २०७७)। प्रकृति संरक्षणको काममा खटिने सेनाको क्षमता अभिबृद्धि गर्न चितवनको कसरामा प्रकृति संरक्षण शिक्षालय स्थापना गरिएको छ। शिक्षालयले निकुञ्ज, आरक्षमा खटिनु भन्दा पहिले सैनिकलाई विभिन्न तालिमहरु दिने गर्दछ। सेनाको कामलाई बढी प्रभावकारी बनाउन तालिममा प्रविधिको प्रयोगलाई जोड दिन थालिएको छ। यस्ता तालिममा ड्रोन उडाउने, सिसि क्यामरा जडान गर्ने, रियल टाईम प्याट्रोलिङ्गका लागि डाटा लिने तथा कम्प्युटरमा इन्ट्रि गर्ने र तालिम प्राप्त कुकुरको परिचालन गर्ने रहेका छन् (सिपाही बिशेषाङ्क, २०७७)।

**ख) निकुञ्ज गस्ती र चोरी शिकार नियन्त्रण**

निकुञ्ज गस्तीलाई बढी प्रभावकारी बनाउन प्रविधिमा आधारित रियल टाईम प्याट्रोलिङ्ग (स्मार्ट) भनिने प्रविधिको प्रयोग गरिएको छ। नेपाली सेनाले पैदल हिंडेर, डुङ्गा, साइकल, जिप वा हात्ती चढेर नियमित रुपमा विहान, मध्यान्ह र अपरान्हको समयमा निकुञ्ज गस्ती गर्दछन्। वन्यजन्तुका मुख्य वासस्थानमा हात्ती चढेर स्वीपिङ्ग अपरेशन र रात्रीकालीन गस्ती समेत हुने गर्दछ। चोरी शिकारको सम्भावना रहेका मुख्य नाका र गौंडाहरुमा नेपाली सेना राती एम्वुस थापेर बस्ने गर्दछन्। यी बाहेक छोटो र लामो दुरीका गस्ती (एसआरपि र एलआरपि) पनि हुने गर्दछन्। सुराकीले दिएको सूचनाका आधारमा जुनसुकै समयमा पनि गस्ती हुने गरेको छ। यसका अतिरिक्त सुरक्षा चुनौति हुने चितवन, वर्दिया जस्ता निकुञ्जहरुमा नेपाली सेनाको रेञ्जर गणबाट बि.सं. २०६७ देखि विशेष अपरेशन (अपरेशन महाहन्ट) सञ्चालन हुँदै आएको छ। निकुञ्ज सुरक्षार्थ विभिन्न पोष्टहरुमा खटिएका सेनाले प्रतिरक्षा (डिफेन्सिभ) रणनीति बमोजिम निकुञ्जको बाहिरी घेरामा बसेर निकुञ्जलाई सुरक्षा प्रदान गर्दछन्। सेनाले आफ्ना इन्टहरु मार्फत चोरी शिकारी र वन तस्करहरुको निगरानी (सर्भिलेन्स) गर्दछन। नेपाली सेनाको कार्बाहीमा परी अहिलेसम्ममा दर्जनौं चोरी शिकारी र काठ तस्कर मारिएका छन्। आर्थिक वर्ष २०७७/७८ मा २,३२४ जना वन अपराधमा संलग्न ब्यक्तिलाई पक्राउ गरी कानुनी कार्बाहीका लागि पेश गरिएको छ (वार्षिक प्रतिवेदन, २०७७/७८)। नेपालमा गैंडाको चोरी शिकार नियन्त्रणलाई वन्यजन्तु संरक्षणको मुख्य सूचकको रुपमा लिने गरिएको छ। सन् २०११, सन् २०१३, सन् २०१५, सन् २०१६ र सन् २०१९ गैंडाको शून्य चोरी शिकार (जिरो पोचिङ्ग) वर्षको रुपमा रहे (व्यवस्थापन योजना २०१९-२३)। सेनाको सहभागिता हिंस्रक वन्यजन्तु नियन्त्रण तथा उद्धारमा पनि हुने गरेको छ। आर्थिक वर्ष २०७७/७८ मा ७६६ वन्यजन्तु उद्धार गरिएको छ (वार्षिक प्रतिवेदन, २०७६/७७)। बालि खान गाउँ पसेका हात्ती, गैंडा धपाउन नेपाली सेना निरन्तर रुपमा खटिने गर्दछ।

**ग) सेना र नागरिक विचको सम्वन्ध**

प्राकृतिक स्रोतहरु सीमित हुन्छन् (गुरुङ्ग, डा.हर्क, २०६३)। सेना निकुञ्जभित्र रहेका यस्ता स्रोतको संरक्षणका लागि बसेको हुँदा स्रोत दोहन गर्न खोज्ने र बचाउन खोज्ने बिच सधैं द्वन्द्व हुने गर्दछ। द्वन्द्व घटिबढी हुनुमा

स्थानीय समुदायको आर्थिक, शैक्षिक अवस्था, पेशा, जातिगत समुदाय, बस्तीको अवस्थिति र निकुञ्जबाहिर रहेको जमिनको भूउपयोगले प्रभाव पारेको हुन्छ । यीमध्ये मध्यवर्ती क्षेत्रको भूउपयोगले सबैभन्दा बढी प्रभाव पारेको हुन्छ । द्वन्द्व न्यूनीकरणका लागि विभिन्न प्रयासहरु गरिंदै आएको भए पनि मध्यवर्ती क्षेत्रको हरितपेटी (ग्रिनवेल्ट) मासिंदै गएका ठाउँमा स्थानीय समुदायको सिधै चाप निकुञ्ज क्षेत्रभित्र पर्ने हुँदा द्वन्द्व कायमै रहेको छ । त्यस्तै नदी कटानबाट घरवार विहीन भएका परिवार, वन अतिक्रमण गरी बसेका परिवार र राजनीतिक पहुँच भएका ब्यक्ति र पर्यटन व्यवसायीबाट समेत निकुञ्जका प्राकृतिक स्रोतको दोहन बढ्दै गएको छ । अहिले धेरैजसो विवाद नदीमा तिवारी जाल बगाएर माछा मार्ने व्यक्ति, क्रसर व्यवसायी र नदीजन्य पदार्थ ओसार्ने ट्र्याक्टर व्यवसायीसँग हुने गरेको छ । पोष्टमा कार्यरत सैनिकले राम्रोसँग गस्ती गरेका ठाउँमा यस्ता व्यक्तिको अवैध धन्दा टुट्ने हुँदा तिनीहरुले सेनाको मनोबल गिराउन सुनियोजित रुपमा झगडा गर्ने तथा हुलहुज्जत गरी सेनालाई बिवादमा तान्ने गरेका छन् । कतिपय अवस्थामा बाघ, गैंडा, हात्ती, बँदेल लगायतका वन्यजन्तुले मानिस, पशुधन र बालिनालिलाई पुऱ्याउने क्षतिका कारणले पनि द्वन्द्व हुने गरेको छ ।

**व्यवस्थापकीय सबल पक्षहरु**

### क) चोरी शिकार नियन्त्रण

वन्यजन्तु संरक्षण अत्यन्तै सम्बेदनशील विषय हो । नेपालमा वन्यजन्तुसंरक्षणको इतिहास गैंडा संरक्षणबाट शुरु भएको हो । गैंडा संरक्षणका लागि विगतदेखि नै विभिन्न प्रयासहरु गरिंदै आएको पाइन्छ । ती सबै प्रयासहरु असफल भएपछि नेपाली सेनालाई सुरक्षाको जिम्मेवारी दिइएको हो । नेपाली सेनाले सुरक्षाको जिम्मेवारी लिएका निकुञ्ज आरक्षमा चोरी शिकार नियन्त्रण गर्न सफलता मिलेको छ । विश्व बजारमा जीवित वन्यजन्तु वा तिनका आखेटोपहारको ब्यापारिक महत्त्व बढ्दै गएको हुँदा वन्यजन्तु संरक्षण गर्न हरेक दिन सर्तक रहनु पर्ने स्थिति छ । विगत वर्षहरुमा चितवन राष्ट्रिय निकुञ्जमा दशैंको टिकाको दिन गैंडाको चोरी शिकार हुने गर्दथ्यो भनी त्यहाँ कार्यरत पुराना कर्मचारीको दावी रहेको छ । त्यसैले वन्यजन्तु संरक्षणलाई वनसंरक्षणसँग दाँज्नु हुँदैन । सामुदायिक वनको विकाससँगै वन संरक्षण भए पनि वन्यजन्तु संरक्षण हुन नसकेको अध्ययनले देखाएको छ । दक्षिण एशियामा वन्यजन्तुको अपराध नियन्त्रण गर्ने कार्यमा समन्वय र सहकार्य गर्दै आएको सावेन नामक संस्थाले दिएको जानकारी अनुसार विगत पाँच वर्षमा नेपालमा घटेका वन्यजन्तु अपराधका कुल घटनामध्ये चितुवाका २९ प्रतिशत, सालकका २५ प्रतिशत र रेडपण्डाका १४ प्रतिशत रहेका छन् (साबेन सचिवालय, २०२१) । यी वन्यजन्तुको वासस्थानको अधिकांश हिस्सा निकुञ्जक्षेत्र बाहिर रहेकाले बढी चोरी शिकार हुने गरेको हो ।

### ख) जैविक विविधता र भूदृश्यको संरक्षण

पृथ्वीको भूगोलको ०.१ प्रतिशत ओगटेको नेपालले विश्वमा पाइने मध्ये ३.२ प्रतिशत वनस्पति र १.१ प्रतिशत जीवजन्तुलाई आश्रय प्रदान गरेको छ (रा.नि. विभाग, २०२१) । तर विश्वव्यापी जलवायु परिवर्तनबाट सिर्जित पानीका मुलहरु सुक्दै जाने जस्ता समस्याहरुबाट ग्रसित राष्ट्रहरुमध्ये नेपाल विश्वकै चौथो प्रभावित मुलुक हो (उइकिपेडिया) । निकुञ्ज आरक्षभित्र रहेका जलाधार क्षेत्रहरु अन्यत्रको तुलनामा कम क्षयीकरण हुने भएकाले जलवायु परिवर्तनको असरवाट पानीका स्रोतहरुको संरक्षण गर्न यो नै उपयुक्त माध्यम बनेको छ । नेपाली सेनाको सुरक्षा व्यवस्थासहित विश्व खाद्य कार्यक्रमको आर्थिक, प्राविधिक सहयोगमा सन् सत्तरीको दशकमा शिवपुरी जलाधार संरक्षण कार्यक्रम लागु गरिएको थियो । नेपालमा पानीका स्रोतहरु

संरक्षणका लागि जलाधार व्यवस्थापन कार्यक्रम लागु गरिएको यो नै पहिलो कार्यक्रम हो । कार्यक्रमको सफलतासँगै शिवपुरी जलाधार क्षेत्र काठमाण्डौ उपत्यकामा खानेपानी आपूर्ति गर्ने मुख्य स्रोत र पर्यटनका लागि गन्तव्यस्थल बनेको छ ।

**ग) संयुक्त व्यवस्थापनको सफल मोडल**

नेपालमा निकुञ्ज आरक्ष व्यवस्थापनका लागि सेना, निजामती कर्मचारी र मध्यवर्ती क्षेत्रका स्थानीय बासिन्दाको तीनखम्वे संयन्त्र तयार पारिएको छ । यी तीन पक्ष बिचको सम्बन्धले प्रकृति संरक्षणको काम प्रभावित हुने गर्दछ । सेना र निजामती कर्मचारी एउटै काममा संलग्न भएको हुनाले दुई समानान्तरण प्रणाली विकास भै नियन्त्रण र सन्तुलन कायम राख्न सहयोग पुगेको छ । युनेस्कोले सन् २००३ मा गरेको व्यवस्थापन प्रभावकारिता मूल्याङ्कन (एमइइ) मा चितवन राष्ट्रिय निकुञ्जले ९४ प्रतिशत र सन् २०१८ मा अनुसन्धान तथा विकास केन्द्र नामको संस्थाले बाँके राष्ट्रिय निकुञ्जको मूल्याङ्कन गर्दा ७० प्रतिशत स्कोर प्राप्त गरेको छ । नेपाली सेनाको संलग्नता नरहेको अन्नपूर्ण संरक्षण क्षेत्रको घान्द्रुक इलाका (२८१.१ वर्ग कि.मि.) को सन् २०१२ मा व्यवस्थापन प्रभावकारिता मूल्याङ्कन गर्दा ५४ प्रतिशत स्कोर प्राप्त भएको थियो (अधिकारी, पशुपति २०१२) । यी अध्ययनले निकुञ्ज आरक्ष जस्ता बहुमूल्य प्राकृतिक सम्पदा रहेका स्थानहरुको सुरक्षाका लागि सेनाको अनिवार्य उपस्थिति आवश्यक पर्ने देखाएको छ ।

**घ) पर्यटन प्रबर्द्धन र ग्रामीण विकासको उपयुक्त मोडल**

नेपालको राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान २.६ प्रतिशत रहेको छ र सन् २०३० सम्ममा ८ प्रतिशत पुर्‍याउने लक्ष्य छ (राष्ट्रिय योजना आयोग, २०१७) । सन् २०१९ मा नेपाल भ्रमण गरेका ११,९७,१९१ पर्यटक (पर्यटन मन्त्रालय, २०१९) मध्ये ७,०६,१४८ पर्यटकले निकुञ्ज आरक्ष भ्रमण गरेका थिए र त्यस वापत रु ७६,५३,६५,७०० राजश्व प्राप्त भएको थियो (वार्षिक प्रतिवेदन २०७७/७८) । वन तथा वातावरण मन्त्रालयका अनुसार नेपाल घुम्न आउने पर्यटकमध्ये ६० प्रतिशत संरक्षित क्षेत्रभित्र अध्ययन अवलोकनका लागि प्रवेश गर्दछन् । अमेरिकी पूर्व राष्ट्रपति जिमि कार्टर नेपाल आउँदा शिवपुरीका चरा अवलोकनका लागि जाने गर्दछन् । अमेरिकी अभिनेता लियोनार्डो डिक्याप्रियो र बेलायती राजकुमार हचारीले बाघ अवलोकनका लागि बर्दिया राष्ट्रिय निकुञ्जको भ्रमण गरेका थिए । २०७८ साल चैत्र १२ गते चीनका विदेशमन्त्री वाङ् यी नेपाल आउँदा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको भ्रमण गरेका थिए । निकुञ्ज, आरक्षमा पर्यटकीय गतिविधि बढेसँगै पर्यटन बजारमा रोजगारीका अवसरहरु बढेका छन । विश्व बैंकले हालै गरेको अध्ययन अनुसार चितवन राष्ट्रिय निकुञ्जमा आएका पर्यटकले ४,३०९ वटा पूर्णकालीन रोजगार सिर्जना गरेका छन् (ओली, डा. विश्वनाथ, २०७९) । यसबाट निकुञ्ज र आरक्ष ठुला रोजगारदाता उद्योग जस्तै भएका छन् । देशका दुर्गम, पिछडिएका र निर्जन ठाउँमा समेत नेपाली सेनाको उपस्थितिले गर्दा पर्यटकलाई सुरक्षा प्रदान भै पर्यटकहरु स्वतन्त्र रुपले घुमफिर गर्न सहज भएको छ । पर्यटनको बिकाससँगै स्थानीय समुदायको पेशामा विविधीकरण भएको छ । दुर्गम क्षेत्रका कतिपय पर्यटकीय स्थलहरु समेत आर्थिक क्षेत्रको रुपमा रुपान्तरण हुँदै गएका छन् । संरक्षित क्षेत्र (प्रोटेक्टेड एरिया) भित्र अन्यत्रको तुलनामा कम वातावरणीय समस्याहरु रहेको पाइएको छ । त्यसैले नेपालको सर्न्दभमा संरक्षित क्षेत्र स्थापना ग्रामीण विकासको सफल मोडल बनेको छ । संरक्षित क्षेत्रमा घुम्ने पर्यटकको संख्या बढेसँगै वसाइसराइका कारण नेपालको जनसाङ्ख्यिक वितरणमा बढ्दै गएको असन्तुलनलाई कम गर्न सहयोग पुगेको अध्ययनले देखाएको छ ।

**व्यवस्थापकीय कमजोर पक्षहरु**

**क) प्रकृति संरक्षणको कामलाई आन्तरिकीकरण नगरिनु**

नेपाली सेनाको ८.४५ प्रतिशत जनशक्ति प्रकृति संरक्षणको काममा खटाए पनि तिनको परिचालनका लागि छुट्टै नियमाबली बनेको छैन । सैनिक मान्यताअनुसार प्रकृतिसंरक्षण सेनाको पहिलो कर्तव्य (प्राइमरी डिउटी) भित्र नपर्ने हुँदा झण्डै पाँच दशक वितिसक्दा पनि प्रकृतिसंरक्षणको कामलाई सैनिक ऐन, नियमभित्र समावेश गरेको पाइँदैन । जसले गर्दा प्रकृतिसंरक्षणको काम नेपालको सैन्य संरचनाभित्र आन्तरिकीकरण हुन सकेको छैन । जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रका वनमा डढेलोका घटनामा वृद्धि भएका छन् तर डँढेलो नियन्त्रण गर्न सेनालाई हेलिकप्टर, अग्नि नियन्त्रण गर्ने उपकरण र पोशाकको अभाव रहेको छ । सेनासँग यस्ता उपकरण नहुँदा गत वर्ष सगरमाथा र शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको जङ्गलमा लागेको डँढेलो नियन्त्रण गर्न निजी क्षेत्रको हेलिकप्टर प्रयोग गर्नु परेको थियो (सगरमाथा र शिवपुरी नार्गाजुन रा.नि.कार्यालय, २०७८) ।

**ख) कामको प्राथमिकताक्रम निर्धारण नहुनु**

सिमसार क्षेत्रको विनाश, नदीजन्य पदार्थको अनियन्त्रित दोहन, वन, खर्क अतिक्रमण, डँढेलो, फोहोर र भुस्याहा कुकुरले मृग मार्ने जस्ता घटनाहरु अहिले निकुञ्ज आरक्षमा दैनिकजसो घट्ने गरेका छन् । आर्थिक वर्ष २०७७/७८ मा भुस्याहा कुकुरको आक्रमणमा परी १०९ (१९ प्रतिशत) वटा मृग मरेका छन् (वार्षिक प्रतिवेदन, २०७७/७८) । यस्ता समस्यामा नेपाली सेनाको यथोचित ध्यान पुग्न सकेको छैन । त्यसैगरी जलीय इकोसिष्टम संरक्षण गर्न नेपाली सेनाबाट गर्दै आएका कामहरु अपर्याप्त छन् । सेनाले गर्ने प्रायः सबै गस्तीमा कम्ब्याट ड्रेस लगाउनु पर्ने प्रचलन रहेकाले नदी, खोला र सिमसार क्षेत्रमा गस्ती जान असुविधा भई त्यस्ता स्थानहरुमा बिरलै मात्र गस्ती हुने गरेको छ । यसो हुनुमा पर्याप्त संख्यामा डुङ्गा नहुनु, गस्ती गर्ने बाटोहरु समयमै मर्मतसुधार नगरिनु, रेञ्जर, गेमस्काउटहरु सेनासँग नियमित रुपमा गस्तीमा नजानु पनि रहेको अध्ययनले देखाएको छ । नेपाली सेना निकुञ्ज आरक्षको सुरक्षामा साझेदार संस्थाको रुपमा नभई स्वयमसेवकको रुपमा खटिएको हो भन्ने प्रायजसो सेनाको बुझाइ रहेको छ । नेपाली सेना संयुक्त राष्ट्रसंघीय शान्ति सेनामा खटिने हुँदा उनीहरुमा मानव अधिकारको विषयले सधैंभरि एक किसिमको मनोवैज्ञानिक त्रास रहने गरेको छ । यसको असर फिल्डमा मानिस पक्रने र नियन्त्रणमा लिने काममा परेको देखिन्छ ।

**ग) संरक्षण शिक्षा, कानुनी साक्षरता र समन्वयमा कमजोरी**

निकुञ्ज आरक्षमा खटिनुभन्दा पहिले सेनालाई अभिमुखीकरण तालिम दिने गरिन्छ । तर निकुञ्ज आरक्षको चिनारी दिने पुस्तक, पत्रिका, पम्पलेट सीमित र कहिलेकाहीं मात्रै प्रकाशन गरिने हुँदा प्रकृतिसंरक्षणप्रति सेनाको चासो, चिन्तन जगाउन सकिएको छैन । सैन्य सेवा अन्तर्गतका तालिमहरुमा संरक्षण शिक्षाको तालिम समावेश गरिएको पाइँदैन । सैन्य सेवा र प्रकृति संरक्षण दुई भिन्न क्षेत्र रहेको हुँदा विषयगत ज्ञानको कमीले नेपाली सेनाका अधिकृत र पदिकले पनि स्थानीय जनप्रतिनिधि एवं सामुदायिक वनका पदाधिकारीसँग समन्वय गर्न समस्या हुने गरेको छ । पोष्टमा खटिएका अधिकृत र पदिकको छिटोछिटो हुने सरुवाले समन्वय र सहकार्यलाई थप कमजोर बनाएको देखिन्छ । समूहगत कार्य (टिम वर्क) संस्कृतिको अभाव र समान पदको निजामती कर्मचारी पोष्टमा नखटिने हुँदा सेनाको फिल्ड स्तरमा समन्वय कमजोर रहेको छ । सेनाले मानिस पक्राउ गरेपछि बुझे, बुझाएको दोहोरो भरपाइ गरी कानुनी कार्बाहीका लागि

निकुञ्ज कार्यालयमा बुझाउने गर्दछन् । सेनाले अपराधसँग सम्बन्धित प्रमाणहरु कागजमा उतार्ने तालिम प्राप्त जनशक्ति तयार नपारेको हुँदा प्रमाणको अभाव देखाएर अभियुक्तलाई छुट्कारा दिन चाहेमा निकुञ्ज कर्मचारीलाई सहज हुने गरेको छ ।

**घ) मापदण्डको अभाव र बढ्दो व्यवस्थापन खर्च**

वन मन्त्रालयलाई प्राप्त हुने वजेटको ठुलो हिस्सा नेपाली सेनामा खर्च गर्नुपर्ने हुँदा वन व्यवस्थापनका कामहरु गर्न वजेटको अभाव हुने गरेको छ (वन तथा वातावरण मन्त्रालय, २०७८) । विश्वमा निकुञ्ज व्यवस्थापन गर्न हुने खर्चको अध्ययन गर्दा नेपाल जस्ता विकासशील देशमा प्रति वर्ग किलोमिटर निकुञ्ज व्यवस्थापन खर्च औसतमा १५७ अमेरिकी डलर रहेको पाइएको छ (जेम्स र अन्य, १९९९) । आर्थिक वर्ष २०७८/७९ मा मनास्लु संरक्षण क्षेत्रको प्रतिवर्ग किलोमिटरको व्यवस्थापन खर्च रु ११,३७४ (करिव ९० डलर) र सगरमाथा राष्ट्रिय निकुञ्जको १,६१,७९० (करिव १,२६४ डलर) रहेको छ । एउटै भौगोलिक क्षेत्रमा अवस्थित भए पनि व्यवस्थापनको मोडल भिन्न रहेकाले मनास्लु संरक्षण क्षेत्रको भन्दा सगरमाथा राष्ट्रिय निकुञ्जको प्रति वर्ग किलोमिटर व्यवस्थापन खर्च १४ गुणाले बढी छ । अर्कोतर्फ, नेपाल जस्तो देशले सगरमाथा राष्ट्रिय निकुञ्ज व्यवस्थापन गर्न विश्वको औसत व्यवस्थापन खर्च भन्दा आठ गुणा बढी खर्च गर्नु पनि सार्न्दभिक मानिदैन । त्यस्तै कुनै मापदण्ड र सुरक्षा चुनौतिको विश्लेषण नगरी तराई र हिमालका निकुञ्ज आरक्षमा सेना खटाइएको छ। शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको १५९ वर्ग किलोमिटर क्षेत्रफललाई सुरक्षा प्रदान गर्न नेपाली सेनाका दुई गण तैनाथ गरिएको छ । लामटाङ्ग राष्ट्रिय निकुञ्जको सिन्धुपलान्चोक क्षेत्रका टिम्वु, कुटुमसाङ्ग, सेरमाथाङ्ग र टेम्वाथान पोष्टहरु गाउँ नजिकै पर्यटक प्रवेश शुल्क उठाउने ठाउँमा रहेका छन् । यी पोष्टबाट निकुञ्जको दूरी टाढा रहेकाले त्यहाँबाट नियमित रुपमा निकुञ्ज गस्ती गर्न सम्भव छैन (लामटाङ्ग रा.नि.कार्यालय, २०७८) ।

## सेनाको सबलीकरण र मानव अधिकार उल्लङ्घनको सवाल

**क) सेनाको सबलीकरण**

सेनाको सबलीकरणमा प्रभाव पार्ने विषयहरु मुख्यतः भौतिक पूर्वाधार र सवारी साधनको अवस्था, वृत्ति विकासको अवसर र विषयगत ज्ञान रहेका छन् । निकुञ्जका कतिपय पोष्टमा बस्ने सेनाहरु अझै पनि आधारभूत मानवीय सेवा र सुबिधाबाट वञ्चित हुनु परेको छ । ती पोष्टहरुमा स्वच्छ खानेपानी, चर्पी, सुत्ने कोठा र बिजुलीको राम्रो प्रबन्ध गर्न सकिएको छैन । गस्तीमा खटिने सैनिकलाई साइकल, मोटरसाइकल, जीप जस्ता सबारी साधन र नदी वारपार गर्न डुङ्गा, मोटरवोटको अभाव छ। हाल उपलब्ध सवारी साधनहरुको मर्मत र इन्धनका लागि उपलब्ध हुँदै आएको वजेट अत्यन्तै न्यून छ। त्यस्तै डढेलो नियन्त्रण गर्ने उपकरण र पोशाकको अभाव छ। यस्ता स्रोत साधनमा सेनाको पहुँच बृद्धि गरे मात्रै काममा सुधार ल्याउन सकिन्छ ।

प्रकृति संरक्षणको कामलाई सेनाको वृत्ति विकाससँग जोड्ने कानुनी व्यवस्था नहुँदा त्यसको असर सेनाको कार्यसम्पादनमा परेको छ। सेनाको विद्यमान सांगठनिक संरचनाभित्र सैनिक प्रकृतिसंरक्षण सेवा गठन गरेमा सेनालाई समूहकृत गरी वढी जिम्मेवार बनाउन सकिन्छ। सेनाहरु बिच कार्य सम्पादनका विषयलाई लिएर स्वस्थ प्रतिस्पर्धा हुन नसक्दा निष्क्रियता बढेको छ र नतिजामुखी कार्य सम्पादन हुन सकेको छैन । तसर्थ, प्रकृतिसंरक्षणको कामलाई सेनाको वृत्ति विकाससँग जोड्नु पर्दछ ।

सैनिकहरु वातावरणप्रति जति सचेत भए, उत्ति नै प्रकृतिसंरक्षणको काममा लगाव बढ्दै जाने हुन्छ। सेनाको सिप विकास र ज्ञान आर्जनमा सहयोग पुग्ने किसिमका तालिम, प्रशिक्षण, गोष्ठीको यथोचित प्रबन्ध गरेमा कार्यसम्पादनमा सुधार आउनेछ।

सूचना नै संगठनको बल हो। समयमै गोप्य सूचनाहरु सम्प्रेषण हुन सके मात्रै सेनाले नतिजामुखी काम गर्न सक्छ। वन्यजन्तुको चोरी शिकार र वनपैदावारको चोरी निकासी सम्बन्धमा सेनाको गुप्तचर संयन्त्रबाट दिएको सूचना भरपर्दो नभएको भनी सिकायत हुने गरेको छ। त्यसैले सेनाको विद्यमान गुप्तचरी संयन्त्रमा आमूल सुधार ल्याउन जरुरी छ।

सैनिक ऐन, २०६३ मा वन, वन्यजन्तु अपराधको विषयमा किटानी व्यवस्था गरिएको छैन। जसले गर्दा वन अपराधमा संलग्न सैनिकलाई गरिने सजाय तजबिजमा भर पर्दछ। यस्तो परिपाटीले सैनिक संगठनको समग्र कार्यसम्पादनलाई सकारात्मकभन्दा नकारात्मक प्रभाव पार्ने बढी सम्भावना हुन्छ।

### ख) मानव अधिकार उल्लङ्घनको सवाल

सेनालाई निकुञ्जको चौहद्दि भित्रका बहुमूल्य प्राकृतिक स्रोतहरु रखवारी गर्ने जिम्मेवारी तोकिएको छ। यस्ता स्रोतको सुरक्षाका लागि नेपाली सेनाले निगरानी राख्ने, गस्ती बढाउने गरेपछि वर्षौदेखि यस्ता स्रोत दोहन गरेर आर्थिक लाभ लिंदै आएका केही व्यक्ति, समूह र समुदायले सेनाको मनोबल घटाउन सुनियोजित रुपमा घटनाहरु घटाउने र त्यस्ता घटनालाई मानव अधिकार उल्लङ्घन गरेको भनी प्रचारवाजी गराएको पाइएको छ। सेनाले मानव अधिकार उल्लङ्घन गऱ्यो भनी बाहिर ल्याइएका अधिकांश घटनामा सत्यता रहेको अध्ययनबाट देखिएन। कतिपय मानव अधिकार उल्लङ्घनका घटनामा नेपाली सेनाको सिङगो संगठनभन्दा पनि व्यक्ति दोषी रहेको पाइएको छ।

## निष्कर्ष तथा सुझाव

झण्डै पाँच दशकदेखि नेपाली सेना प्रकृति संरक्षणको काममा संलग्न रहँदै आएको भएपनि यो उनीहरुको प्राथमिक कर्तव्यभित्र नपर्ने हुँदा संस्थागत रुपधारण गर्न सकेको छैन। त्यसैले बिगत लामो समयदेखि प्रकृतिसंरक्षण सम्बन्धी कामहरु तदर्थशैलीमा सञ्चालन हुँदै आएका छन्। यसबाट सेनाको कार्य सम्पादनको स्तर क्षयीकरण हुँदै जाने सम्भावना रहेको देखिन्छ। निकुञ्जका प्राकृतिक स्रोतलाई भविष्यसम्म अहिलेकै अवस्थामा जोगाएर राख्न सेनाको विद्यमान कार्यशैलीमा सुधार ल्याउनु पर्ने अध्ययनले देखाएको छ। सेनाले आफ्नो कार्यशैलीलाई समयसापेक्ष रुपमा सुधार नगर्ने हो भने सेनाकै योगदानका कारण नेपालबाट लोप हुन जोगिएका गैंडा, बाघ लगायतका दुर्लभ वन्यजन्तुहरु सेनाकै कमजोरीका कारण मासिंदै जानेछन्। प्राकृतिक र मानवजन्य क्रियाकलापका कारण विश्वभर वन्यजन्तुहरुको लोप हुने दरमा बृद्धि भएको हुँदा व्यवस्थापकीय कमी कमजोरी भएमा नेपालबाट समेत लोप हुने दरमा बृद्धि हुनेछ। चोरी शिकार र वासस्थान तथा जैविक मार्गहरुको विनाशले वन्यजन्तु संरक्षण कार्य थप चुनौतिपूर्ण बन्दै गएको बिद्यमान अवस्थामा सेनाको क्षमताको अधिकतम उपयोग हुने गरी काम गर्नुपर्ने देखिन्छ। तर सेनाले आफ्नो क्षमताअनुरुप काम नगरेको भनी सेनाको आलोचना गर्ने क्रम पनि बढेर गएको छ। प्रकृतिसंरक्षणको काममा संलग्न सेनाको सबलीकरण गर्नेतर्फ पर्याप्त ध्यान नपुग्दा यो समस्या देखा परेको हो। तसर्थ, सेनाको कार्य सम्पादनलाई समयसापेक्ष रुपमा सुधार गर्न योजनाबद्ध रुपमा सबलीकरणका कार्यक्रमहरु सञ्चालन गर्न जरुरी छ।

**सन्दर्भ सामाग्री**


आर्चाय, वावुराम, योगी नरहरिनाथ (पौष, २०१०) : *वडामहाराजधिराज श्री ५ पृथ्वी नारायण शाहको दिब्य-उपदेश* (पेज ४९)

ओली, डा. विश्वनाथ (२२ भदौ, २०७९) : *वन संरक्षणमा सफल, व्यवस्थापनमा विफल,* हिमाल खबर पत्रिका, काठमाण्डौ *गैंडा गणना प्रतिवेदन, २०२१*

गुरुङ्ग, डा. हर्क (२०६३) : *विषय विविध,* हिमाल किताव प्रा.लि. लाजिम्पाट (पेज ११४-११८)

तिवारी, सरिता (७ असार, २०७९) : *बाघ वढ्नु सुखद् कि दुःखद् ?* कान्तिपुर राष्ट्रिय दैनिक पत्रिका

*नेपालको संविधान (२०७२)* (पेज १६, १७, २९)

*नेपाल दिगो विकास लक्ष्यहरु, डिसेम्वर २०१७ (वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०)* राष्ट्रिय योजना आयोग, काठमाण्डौ

*वार्षिक प्रतिवेदन (२०७६-७७)* : चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवन (पेज २२३, २२४)

*वार्षिक प्रतिवेदन (२०७७/७८)* : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, ववरमहल, काठमाण्डौ (पेज नं ७०-७८)

*वार्षिक प्रतिवेदन (२०७६/७७)* : वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाण्डौ (पेज २)

*वार्षिक प्रतिवेदन (२०७८/७९)* : मनास्लु संरक्षण क्षेत्र, सम्पर्क कार्यालय, गोरखा

*वन्यजन्तुको आखेटोपहार व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७२*

*राष्ट्रिय बाघ संरक्षण समिति, नेपालको गठन तथा काम, कर्तव्य र अधिकार, २०६७*

*राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति र वन्यजन्तु अपराध नियन्त्रण इकाईको सांगठनिक ढाँचा तथा काम, कर्तव्य र अधिकार, २०६७*

*राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र नियमाबली, २०३०*

श्रेष्ठ, तीर्थ बहादुर (कार्तिक, २०७७) : *नेपाल अध्ययन (भाग २) वन, वनस्पति र प्राणी (चितवन राष्ट्रिय निकुञ्ज, के पो छैन यहा!)*, (पेज ३७३)

श्रेष्ठ, तीर्थ बहादुर ( साउन, २०७६) : *नेपाल नखुलेका पाटाहरु* (पेज २३३-२४०)

श्रेष्ठ, डा. तीर्थ बहादुर (२०५६) : *जैविक विविधताको स्वस्थानीय संरक्षण, जैविक विविधता संरक्षण स्रोत संगालो,* प्रो पब्लिक, जनहित संरक्षण मञ्च (पेज ४८, ५५)

*सैनिक ऐन, २०६३* (पेज १७-३३ र ६४)

*सैनिक सेवा नियमावली, २०६९* (पेज ५,६ र ९२)

सिपाही विशेषाङ्क (२४ भदौ, २०७७) : *प्रकृति र वातावरण संरक्षणमा नेपाली सेनाको पहलकदमी र उपलब्धिहरु, सेना रुपान्तरणका दुई वर्ष* (पेज १७३-१७८)

सिपाही पाक्षिक विशेषाङ्क (२३ जेठ २०७८) : *प्रकृति र पर्यावरण संरक्षणमा फौजको योगदान र पर्यावरण संरक्षणमा नयाँ आयाम : सफा हिमाल अभियान* (पेज १६ र २४)

*हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६* (पेज ७ र ८)

Amnesty International & CSRC. (2021). Violations in the name of conservation. Amnesty International, August 2021 (pp. 17-20).

Adhikari, P. (August 2012) : Natural Resources Conservation and Tourism Management Effectiveness in Annapurna Conservation Area ( A case study from Ghandruk VDC, Kaski, Nepal). Thesis submitted for partial fulfillment of the requirments for the degree of Master of Science in Forestry, Tribhuvan University, Institute of Forestry, Pokhara, Nepal (p. 4).

Chitwan National Park Management Plan, 2019-2023 (pp. 46-49)

Conservation Effectiveness of Banke National Park (2018). Research and Development Centre (RDC)- Nepal, Anamnagar, Kathmandu, Report Submitted to DNPWC, Babarmahal, Kathmandu (p. 24)

Initial Management Effectiveness Evaluation Report : Royal Chitwan National Park, Nepal, August 2003, UNESCO– IUCN Enhancing our heritage report : Monitoring and Managing for success in Natural World Heritage Sites.

James, Alexander N. et al (1999) : A Global review of protected Area Budgets and Staff, University of Cambridge and World conservation Monitoring centre.

Management Effectiveness Evaluation of National Parks and Wildlife Sanctuaries in India, Process and Outcomes ( 2018-2019) : Wildlife Institute of India.

Nepal's Sixth National Report to the Convention on Biological Diversity, Government of Nepal, Ministry of Forests and Environment, Kathmandu, Nepal, December 2018

Nepal Tourism Statistics 2019 : Ministry of Culture, Tourism and Civil Aviation, Singhadurbar, Kathmandu, 2020.

Pandit, R. et al (2021) : IPBES-IPCC co-sponsored workshop report on Biodiversity and Climate change.

Rai, Anu (2022) : A Discourse on Nepal Army's Role in Conservation. *Unity Journal, III,* 195-204.

Status of Tigers and Prey in Nepal. (2022). Department of National Park and Wildlife Conservation. Babarmahal, Kathmandu.

Upreti, Biswanath .(2017). Early Days of Conservation in Nepal, Nepal Biodiversity Research Society, Lalitpur, 2017.

Wildlife Crime News. (2021). SAWEN Secretatiat, Forestry Complex, Babarmahal, Kathmandu, Nepal.